आज मिति २०७९/०९/१३ गते बुधवारका दिन दिउसो ०२:०० बजे जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बसेका बैठकमा देहाय बमोजिमको नगर कार्यपालिकाको पदाधिकारीज्यूहरूको उपस्थिति रहियो ।

उपस्थिति :

| क्र.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह | नगरप्रमुख | |
| २ | श्री किशोरी साह | नगर उपप्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडा नं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ५ | श्री दिपेन्द्र साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ६ | श्री पं. सुरेस झा | वडाअध्यक्ष, वडा नं.४ | |
| ७ | श्री बेचन साहु हलुवाई | वडाअध्यक्ष, वडा नं.५ | |
| ८ | श्री दिनेस प्रसाद साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ९ | श्री निरज कुमार साह (मुन्ना) | वडाअध्यक्ष, वडा नं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडा नं.८ | |
| ११ | श्री प्रमेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| १२ | श्री मिथिलेश कुमार कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १३ | श्री अर्जुन कुमार चौधरी | वडाअध्यक्ष, वडा नं.११ | |
| १४ | श्री महेन्द्र साह | वडाअध्यक्ष, वडा नं.१२ | |
| १५ | श्री जित बहादुर राउत | वडाअध्यक्ष, वडा नं.१३ | |
| १६ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडा नं.१४ | |
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडा नं.१५ | |
| १८ | श्री रामचन्द्र पंजियार | वडाअध्यक्ष, वडा नं.१६ | |

| | | | |
|---|---|---|---|
| १९ | श्री रामबृक्ष यादव | वडाअध्यक्ष, वडा नं.१७ | |
| २० | श्री लक्ष्मेश्वर मण्डल | वडाअध्यक्ष, वडा नं.१८ | |
| २१ | श्री बिनोद कुमार साह | वडाअध्यक्ष, वडा नं.१९ | |
| २२ | श्री मोति राइन | वडाअध्यक्ष, वडा नं.२० | |
| २३ | श्री राजनारायण साह | वडाअध्यक्ष, वडा नं.२१ | |
| २४ | श्री बिमलेश मिश्र | वडाअध्यक्ष, वडा नं.२२ | |
| २५ | श्री राघबेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडा नं.२३ | |
| २६ | श्री उपेन्द्र सहनी | वडाअध्यक्ष, वडा नं.२४ | |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडा नं.२५ | |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| २९ | श्रीमती शारदा देवी पन्त | नगर कार्यपालिका सदस्य | |
| ३० | श्रीमती मनिषा देवी | नगर कार्यपालिका सदस्य | |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | |
| ३६ | श्री रत्नेश शशि | सदस्य सचिव-प्र.प्र.अ. | |

बैठकका एजेन्डाः

१ अगामी नवौं नगर सभा सम्वन्धमा ।
२ LISA र FRA सम्वन्धमा ।
३ कान्जिहाउस व्यवस्थापन सम्वन्धमा ।
४ विविध ।

## निर्णयहरु:

निर्णय नं. १:ऐन, कानून तर्जुमा तथा संसोधन सम्बन्धमा ।

क. शिक्षा ऐन, २०७७ को तेस्रो संशोधनको लागि नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

ख. न्यायिक समिति कार्य सञ्चालन विधेयक, २०७९ नगरसभामा प्रस्तुत गर्ने सम्वन्धमा ।

ग. वातावरण तथा प्राकृतिक श्रोत संरक्षण विधेयक, २०७९ नगर सभामा पेश गर्ने सम्वन्धमा ।

निर्णय नं. २:

क. २०७९ आषाढ २५ गते आर्थिक प्रशासन शाखाको सर्भरको व्यस्तताको कारणले भुक्तानी हुन नसकेकोले उक्त योजनाहरुको बिवरण आर्थिक वर्षको अन्त्यमा कार्यालयबाट प्रमाणित गरि गराई योजना महाशाखा, भण्डार तथा आपूर्ती शाखा तथा आर्थिक प्रशासन शाखा लगायतको शाखाबाट भएको कार्यको भुक्तानी हुन बाँकी रहेकोले सो सम्पन्न भएको कार्यक्रम सञ्चालन / खरिद लगायतको कार्यबापतकोरकम विनियोजन हुन नगर सभामा पेश हुन निर्णय गरियो ।

ख. गत आर्थिक वर्षको योजनाको भुक्तानी गर्दा वडाको सिफारिसमा मात्रै भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:रकमान्तर सम्बन्धमा ।

क। आ.व. २०७९/०८० मा विनियिजन भएको वडा स्तरीय योजना ८ औं नगर सभामा विनियोजित रकमको सिमामा रही वडाबाट आएको सिफारिस बमोजिम रकमान्तर गर्न नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

ख। नगर स्तरीय योजना तथा कार्यालय सञ्चलन सम्वन्धी खर्चका बिषयमा नगर प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले सिफारिस गरे बमोजिम रकमान्तर गर्ने तथा आवश्यक भए थप बजेट माग सिफारिस समेत नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:सफाई सवारी साधन खरिद सम्बन्धमा ।

आ.व. २०७९/०८० मा विनियिजन भएको २ करोड मध्ये बाट १० थान टेलर सहितको ट्र्याक्टर १ थान फ्लोर स्कवर खरिद गर्ने ।

निर्णय नं. ५:योजना अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन।

आ.व. २०७९/०८० मा हाल सम्म ८ ओटा योजनाको अनुगमन गरिएको विवरण जानकारी गराईएको ।

निर्णय नं. ६:गौशाला (कान्जी हाउस) व्यवस्थापन सम्बन्धमा ।

गौशाला (कान्जी हाउस) व्यवस्थापनको लागि स्रोत साधन तथा जनशक्ति यकिन गरि सभा समक्ष पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: स्थानीय तह स्वमूल्याङ्कन सम्बन्धमा ।

क) Local Government Institutional Self-Assessment (LISA) को प्राप्ताङ्कअनुमोदन गर्ने निर्णय गरियो।

ख) Financial Risk Assessment (FRA) को प्राप्ताङ्क अंक जिल्ला समन्वय समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८:सार्वजनिक निजी साझेदारी नियमावली अन्तर्गत सञ्चालन गर्ने हाललाई परियोजना तथा क्षेत्रहरु।

क) सवारी साधन पार्किङ्ग व्यवस्थापन

ख) फोहोरमैला व्यवस्थापन

ग) मेलमिलाप

निर्णय नं. ९:सम्झौता गर्ने अधिकार प्रत्यायोजन सम्बन्धमा ।

यस नगरपालिका तथा नगर कार्यपालिकाको तर्फबाट गर्नु पर्ने सम्झौता गर्न नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:आय व्ययको विवरण पेश गर्ने सम्बन्धमा ।

यस आ.व. २०७९/०८० मा बजेट तथा कार्यक्रमबाट प्रस्तुत आय व्ययको हाल सम्मको स्थिती नगर सभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११:बहुपक्षिय पोषण कार्यक्रम स्विकृति सम्बन्धमा

प्रस्तावमा पेश भए बमोजिम बहुपक्षिय पोषण कार्यक्रम स्विकृति गर्ने निर्णय गरियो ।

निर्णय नं. १२: सूचना प्रविधि अधिकृत (IT Officer) को सेवा सुविधा सम्बन्धमा ।

यस उपमहानगरपालिकालाई अत्यावश्यक रहेको सूचना प्रविधि अधिकृत (IT Officer) को दरबन्दी तथा सेवा सुविधा संघीय सशर्त अनुदानबाट कटौती भएको हुँदा सो पदको लागि अधिकृत स्तर छैठौंको सेवा सुविधा तथा दरबन्दी (करार) को लागि स्विकृत हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३: नगर सभा सञ्चालन सम्बन्धमा ।

नगर सभा सञ्चालनको लागि नगर सभा सदस्य तथा सचिवालय व्यस्थापनमा खटिने कर्मचारीको लागि देहायको सामाग्री तथा खानपानको व्यवस्था गर्ने निर्णय गरियो ।

क. चिया, विस्कुट, विहानको खाजा तथा दिवा भोजनको व्यवस्था गर्ने ।
ख. स्टेस्नरी, ब्याग तथा ट्र्याकसुट वितरणको व्यवस्था मिलाउने ।

निर्णय नं. १४: संघ तथा प्रदेश सरकारसंगको सहकार्य सम्बन्धमा ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने परियोजना तथा विकास निर्माणको कार्यको लागि योजना तर्जुमा तथा सञ्चालन गर्दा यस जनकपुरधाम उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयसंग समन्वय गरी मात्रै सञ्चालन गर्ने व्यवस्था हुन पत्राचार गर्ने निर्णय गरियो । साथै, नगर कार्यपालिकाको कार्यालयलाई जानकारी नभई सञ्चालन गर्न आएका योजना नगर कार्यपालिकाको कार्यालयबाट सम्बोधन भए पश्चात मात्रै अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १५: भानु स्मारक निर्माण गर्ने सम्बन्धमा ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्र भानुचौक स्थित साविकमा रहेको भानुभक्तको शालिक सोहि बमोजिमको डिजाईनमा पुनः निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १६: नियम तथा कार्यविधि ।

क) बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्वन्धि कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १७: सडक मापदण्ड निर्धारण गर्ने सम्बन्धमा ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न सडकको मापदण्ड परिवर्तन गर्ने माग तथा सिफारिस बमोजिमको व्यहोरा नगर सभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।